**राहदानी ऐन, २०२४**

लालमोहर र प्रकाशन मिति

२०२४।६।११

२०२४ सालको ऐन नं २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षीणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

**राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१) यस ऐनको नाम "राहदानी ऐन, २०२४" रहेको छ ।

२)	यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरुलाई लागू हुनेछ ।

३)	यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.	परिभाषाः यस ऐनमा राहदानी भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरु त्था समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

३.	राहदानी लिनुपर्ने : विदेशयात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भै वहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धिसम्झौतानुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिन नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनुपर्नेछैन ।

४.	राहदानी जारी गर्ने अधिकारः नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित शाही नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर-

(१)	राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई वा नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ ।

(२)	नेपाल सरकारले कुनै कारण देखाई वा नदेखाई कुनै समय पनि जारी भैसकेको राहदानीलाई खिच्न वा रद्ध गर्न सक्नेछ, र

(३)	राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहाँसुकै रहेबसेका भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. दण्ड सजायः कसैले झुट्टा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यका लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यका लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै कामकारवाही गरेमा निजलाई एक बर्षसम्म कैद वा पाँचसय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

६. नेपाल सरकार वादी हुने :

१) दफा ५ अन्तर्गत दण्डसजाय हुने कसुरको अभियोगमा चलाइने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेको छ वा गर्ने उद्योग गरेको छ भन्ने शंका गर्नुपर्ने मनासिव माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्ता व्यक्तिलाई विनावरेन्ट गिरफ्तार गरी कारवाहीका लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ ।

७. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरु र खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछ :

(क) विभिन्न कामका लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी सर्तहरु,

(ख) राहदानी बापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरु ।